आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं. ०८८५९४००५
९८६०८९०५७४

पत्र संख्याः २०८१/०८२(राजस्व उप शाखा)
चलानी नम्बर :

मिति: २०८१/११/०६
ने. स. ११४५ सिल्लागा-६, मंगलबार

घर बहाल कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

श्री संघीय सरकारका स्थानीय निकायका कार्यालयहरु (सबै)
श्री कर्णाली प्रदेश सरकारका स्थानीय निकायका कार्यालयहरु (सबै)
श्री गैरसरकारी संघसंस्था कार्यालयहरु (सबै)
श्री बैंक तथा वित्तिय संस्थाका कार्यालयहरु (सबै)
आठविसकोट नगरपालिका, रुकुम (पश्चिम) ।

प्रस्तुत विषयमा यस नगरपालिका क्षेत्रभित्र सेवा प्रवाहका सिलसिलामा स्थापना भएका माथि उल्लिखित कार्यालयहरुले कार्यालय, भण्डार, आवास तथा अन्य प्रयोजनका लागि निजि घरधनीहरुसँग गरेको घरभाडा सम्झौता अनुसारको बहाल कर यस नगरपालिकाको आन्तरिक राजस्व खातामा नगद/चेक/विद्युतिय माध्यमबाट भुक्तानी/दाखिला गर्नुपर्नेमा संघीय सरकारको राजस्व खातामा जम्मा गरेको पाइएकोले चालु आ. व २०८१/८२ को साउन १ गतेदेखिको घर बहाल कर वापतको रकम प्रभु बैक लिमिटेड आठविसकोट शाखामा यस नगरपालिकाको नाममा रहेको आन्तरिक राजस्व खाता (GA1.1 AATHBISKOT NA PA ANTARIK RAJASWO KHATA 2607089815000178) मा विद्युतिय माध्यमबाट भुक्तनी/दाखिला गरि स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) बाट सिर्जित भौचर वा कारोबार संकेत नं स्पष्ट उल्लेख गरिएको बैंक दाखिला भौचर यस नगरपालिकाको राजस्व उपशाखामा पेश गरि घर बहाल कर बुझाउनु हुन यसै सूचना मार्फत अनुरोध गरिन्छ ।
साथै, विद्युतिय माध्यमबाट घर बहाल कर भुक्तानी गर्न असमर्थ भएमा माथि उल्लिखित कार्यालयले यस नगरपालिकाको नाममा चेक जारी गरेर वा यस नगरपालिकाको राजस्व उपशाखामा सम्पर्क राखि QR वा नगदको माध्यमबाट घर बहाल कर दाखिला गर्न सकिने व्यहोरा समेत जानकारी गरिन्छ ।

.................
राजेश गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

२०८१/११/०६

राजेश गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

" समृद्ध गाउँ शहरको रहर: स्वस्थ, सफा, सुशासनयुक्त, समन्यायीक र समाजवाद उन्मूख आठविसकोट नगर "

E-mail: aathbiskotmun073@gmail.com ito.aathbiskotmun@gmail.com